नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सिँहदरबार, काठमण्डौं**

(स्थानीय तह समन्वय शाखा)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

प.स. : ०७८।७९
च.न.: २२१

मिति २०७८।०९।१९

श्री गाउँपालिका सबै।
श्री नगरपालिका सबै।

**विषयः स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन, २०७८) पठाइएको।**

सेवा प्रवाह र स्थानीय विकास व्यवस्थापनको मुख्य जिम्मेवारी रहेको स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरुको लेखाजोखा गरी सबल र दूर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तलुनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन यस मन्त्रालयले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको व्यहोरा अवगत नै छ। गत आर्थिक वर्षबाट यस कार्यविधि बमोजिम स्थानीय तहको स्वमूल्याङ्कनको थालनी भएको छ। स्वमूल्याङ्कनमा देखिएका सुधारका पक्षलाई सम्बोधन गरी स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन, २०७८) यस मन्त्रालयबाट (मा.मन्त्रीस्तर) मिति २०७८।०९।१९ मा स्वीकृत भएको छ।

प्रस्तुत सन्दर्भमा, संशोधित कार्यविधि यसै साथ संलग्न गरी पठाइएको छ। संशोधित कार्यविधि बमोजिम तोकिएको समयमा गाउँपालिका/नगरपालिकाको संस्थागत स्वमूल्याङ्कन गरी नतिजा यथाशीघ्र मन्त्रालयको सफ्टवेयर (lisa.mofaga.gov.np) मा प्रविष्टि गर्ने व्यवस्था मिलाउनु आदेशनुसार अनुरोध गरिन्छ।

..................
(जनकराज शर्मा)
शाखा अधिकृत

**बोधार्थः**

श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै):आवश्यक सहयोग र समन्वयको लागि।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः आवश्यक समन्वय र सहजीकरणको लागि।
श्री सूचना तथा प्रबिधि शाखाः कार्यविधि र पत्र website राख्ने व्यवस्था हुन।